म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १९७ २०८० जेठ २८ गते आइतबार 11 June 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# ११ नम्बर वडालाई मेयरकपको उपाधि



उपाधिसाथ ११ नम्बर वडाका खेलाडीहरु ।

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको मेयरकप फुटवल प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाको ११ नम्बर वडाले जितेको छ । शनिवार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको फाइनल खेलमा टाइब्रेकरमा ४-३ गोलअन्तरले ११ नम्बर वडाले उपाधि जितेको हो । निर्धारित समय गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

उपाधिसँगै ११ नम्बर वडाले नगद २ लाख रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । यस्तै उपविजेता बनेको १५ नम्बर वडाले १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । सेमीफाइनलमा पराजित भएको वडा नम्बर १३ र १४ ले सान्त्वनास्वरुप ५०-५० हजार रुपैयाँ प्राप्त गरेको छ । प्रतियोगितामा हेटौंडा उपमहानगरका १९ वटै वडाको सहभागिता रहेको थियो ।

टाइब्रेकरमा ११ नम्बर वडाका गोलरक्षक शेख असदको भूमिका महत्वपूर्ण रह्यो । १५ नम्बर वडाका ऋषि मोक्तान र रितेश श्रेष्ठको प्रहार गोलमा परिणत हुँदा सियन लामाको प्रहार गोलरक्षक असदले बचाउ गरे । १५ नम्बर वडाका विनन भोलनको प्रहार गोलमा परिणत भए पनि आशिष मोक्तानको प्रहारले पोष्ट दिशा लिन नसक्दा हार व्यहोर्नु पर्‍यो ।

११ नम्बर वडाका किरण तामाङ, सुवास लामा, अभिन लामा र सुदीप लामाको प्रहार गोलमा परिणत भएको थियो । ११ नम्बर वडाका गोलरक्षक असद फाइनल खेलको म्यान अफ द म्याच घोषित भए । १५ नम्बर वडाका रितेश श्रेष्ठ प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले ५ वर्षका लागि ५ लाख रुपैयाँ बराबरको जीवन बीमाको सुविधा प्राप्त गरेका छन् । विधागत उत्कृष्ट खेलाडीमा ११ नम्बर वडाका गोलरक्षक शेख असद, उत्कृष्ट फरवार्डमा मनोज घलान, उत्कृष्ट मिडफिल्डरमा पवन राई, उत्कृष्ट डिफेण्डरमा दिनेश मोक्तान घोषित भए । ११ नम्बर वडाका सञ्जीव गुरुङ उत्कृष्ट प्रशिक्षक घोषित भए । विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले ट्रफिसहित नगद ५-५ हजार प्राप्त गरेका छन् । नगर खेलकुद विकास समिति, हेटौंडा उपमहानगरपालिकाको आयोजनामा भएको प्रतियोगिताको विजेता र उपविजेता तथा पुरस्कृत हुने खेलाडी तथा प्रशिक्षकलाई नगरप्रमुख मिना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, निवर्तमान नगरप्रमुख हरि बहादुर महत, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले पुरस्कार वितरण गर्नुभयो ।

## हास्यव्यंग्यकार आरसी रिजाल सम्मानित

# सम्मान राशीमा थपेर कोष स्थापना गर्न सहयोग




सम्मानवापत प्राप्त रकममा सोही बराबर थप गरेर सिस्नुपानी नेपाल मकवानपुरकी कोषाध्यक्ष शुभद्रा हुमागाईलाई रकम हस्तान्तरण गर्नुहुँदै हास्यव्यंग्यकार आरसी रिजाल ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरका हास्यव्यंग्यकार आरसी रिजाल गणेश कुमार पौडेल स्मृति सम्मान-२०८० बाट सम्मानित हुनुभएको छ । शनिबार सिस्नुपानी नेपाल मकवानपुरले एक समारोहका बीच रिजाललाई सम्मान गरेको हो । रिजाललाई नगद २५ हजार १ रुपैयाँसहित दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको छ ।

हास्यव्यंग्यकार रिजालले आफूले सम्मानस्वरुप प्राप्त रकममा त्यत्तिनै थप गरेर कुल ५० हजार रुपैयाँ सिस्नुपानी नेपाल मकवानपुरलाई फिर्ता गर्नुभएको छ । रिजालले सिस्नुपानी नेपाल मकवानपुरकी कोषाध्यक्ष शुभद्रा हुमागाईलाई ५० हजार रुपैयाँ हस्तान्तरण गर्नुभयो । रिजालले उक्त रकममा एक वर्षभित्र थप ५० हजार उपलब्ध गराई एक लाख रुपैयाँको कोष बनाइदिने प्रतिवद्धता पनि व्यक्त गर्नुभएको छ । उहाँले नवसर्जकलाई प्रोत्साहित गर्ने गरी पुरस्कार स्थापना गर्न अक्षयकोषको रुपमा स्थापना गर्न सिस्नुपानी नेपाल मकवानपुरलाई आग्रह समेत गर्नुभएको छ ।

यस्तै सिस्नुपानी नेपाल मकवानपुरले स्वर्गीय गणेश कुमार पौडेलको स्मृति ग्रन्थ पनि लोकार्पण गरेको छ । स्वर्गीय पौडेलका समकक्षी, साहित्यकारले उहाँसँगको सामिप्यता, उहाँको व्यक्तित्व र योगदानका सन्दर्भमा लेख, रचना प्रकाशित गरिएको छ । सिस्नुपानी मकवानपुरले साहित्यिक गतिविधिका फोटा र दृश्य खिचेर सहयोग गर्ने महेन्द्र ओझालाई प्रसंशापत्र प्रदान गरेको छ । सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्ष तथा वरिष्ठ हास्यव्यंग्यकार नरनाथ लुइँटेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका अध्यक्ष हयग्रीव आचार्यले पहिलोपटक स्मृतिमा ग्रन्थ निर्माण गर्नु स्वागतयोग्य कार्य रहेको बताउनुभयो । स्वर्गीय पौडेलका मित्र समेत रहनुभएका रामचन्द्र आचार्य फुर्सतीले बाल्यकाल सम्झाउनु हुँदै पौडेलको व्यक्तित्वबारे जानकारी दिनुभयो । कार्यक्रममा साहित्यकारहरुले रचना वाचन गरेका थिए । स्वर्गीय पौडेलका छोरा गौरव पौडेलले बुवाप्रति साहित्य र सामाजिक क्षेत्रबाट प्रस्तुत भएको माया र सद्भावप्रति आभार व्यक्त गर्नुभयो । "बुवाले त्यत्ति ठूलो काम गर्नुभयो जस्तो नलागे पनि साहित्य र सामाजिक क्षेत्रबाट उहाँप्रति देखाउनु भएको सम्मानले हामी आभारी छौं", गौरवले भन्नुभयो ।

# साहित्य संगमद्वारा तीन श्रष्टा सम्मानित




सम्मानित तीन श्रष्टासँग आयोजक र प्रमुख अतिथि ।

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले गोपालप्रसाद रिमालको जन्मजयन्तीको दिन शनिबार बिहान ३ जना श्रष्टालाई सम्मान गरेको छ । संगमले गोपालप्रसाद रिमाल स्मृति राष्ट्रिय सम्मानबाट साम्व ढकाल, श्यामप्रसाद शर्मा स्मृति सम्मानबाट केदार प्रसाद न्यौपाने र शान्तिदेवी वनस्खण्डी स्मृति सम्मानबाट तुलसी घिमिरेलाई सम्मान गरेको छ ।

ढकाललाई २० हजार नगद राशीसहित सम्मान गरिएको छ भने न्यौपानेलाई १५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरेको छ । यस्तै घिमिरेलाई १० हजार नगदसहित सम्मान गरेको छ । संगमकी अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा हास्यव्यंग्यकार नरनाथ लुइटेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सम्मानित व्यक्तित्वका बारेमा साहित्य संगमका मनोज पोखरेलले जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा आरसी रिजालले शान्तिदेवी वनस्खण्डी स्मृति सम्मान र सम्मानका संस्थापक स्वर्गीय गणेश पौडेलका व्यक्तित्वका विषयमा चर्चा गर्नुभएको थियो । पुरुषोत्तम आचार्यले श्यामप्रसाद शर्माको विषयमा चर्चा गर्नुभएको थियो भने गोपालप्रसाद रिमालको विषयमा कवि सुवास घनालले चर्चा गर्नुभएको थियो ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# वृद्ध दम्पत्तिले गरे आत्महत्या

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, चाइनाक्वार्टरमा वृद्ध दम्पत्तिले आत्महत्या गरेका छन् । शुक्रबार राती ९ बजेको समयमा ७८ वर्षीय कृष्णप्रसाद दाहाल र ७४ वर्षीया नन्दकुमारी दाहालले झुण्डिएर आत्महत्या गरेका हुन् । तीनतले घरको टुप्पोमा रहेको पुजा कोठामा वृद्ध दम्पत्ति झुण्डिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

घटना भएको घर जिल्ला प्रहरी कार्यालयदेखि ५ सय मिटर नजिक छ । दाहाल दम्पत्तिकी बुहारी मनु दाहाल वडा सदस्य समेत हुनुहुन्छ । स्थानीय अमर माविकी प्रधानाध्यापक मालती उप्रेती वृद्ध दम्पत्तिको आत्महत्याको घटनाले अचम्ममा परेको बताउनुहुन्छ । २५ वर्षदेखि देख्दै आएका दम्पत्ति कहिल्यै छुट्टाछुट्टै नदेखिएको, परिवारको आर्थिक, सामाजिक अवस्था र घरासयी वादविवाद पनि कहिल्यै नसुनेको परिवारमा यस्तो घटनाले आश्चर्यमा पारेको उप्रेती बताउनुहुन्छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

एक साताभा हेटौंडामा आत्महत्याका गम्भीर घटना भएका छन् । हेटौंडा-१५ मा एक महिलाले आफ्ना दुई छोरालाई विष पिलाएर आफूले पनि विष सेवन गरेकी थिइन् । विष पिलाइएका दुई बालक मध्ये १८ महिनाका एक बालकको मृत्यु भएको छ । यस्तै हेटौंडा-१२ मा एक १३ वर्षीय किशोरीले पनि आत्महत्या गरेकी थिइन् । आत्महत्याका घटना गम्भीर बन्दै गए पनि स्थानीय सरकार, राज्यका निकाय र गैरसरकारी निकायबाट समेत यसलाई गम्भीररुपमा लिएको देखिँदैन ।

# लागुऔषधसहित स्याङ्तान पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, शिखरपानीमा लागुऔषधसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-७ घर भई हाल शिखरपानी डेरा गरी बस्ने १८ वर्षीय टंक बहादुर स्याङ्तान रहेको प्रहरी प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो १ बजेर ३० मिनेटको समयमा विशेष सुचनाको आधारमा स्याङ्तानको कोठामा तलासी गर्दा स्पासमेन १ हजार ३ सय ९० ट्याब्लेट, एनार्गन १ हजार ५ सय ट्याब्लेट, ट्रामोल ८ सय ८० ट्याब्लेट, कफ्ट एबीडी ६ सय ५० ट्याब्लेट, एनार्गन १ हजार ३ सय ५० ट्याब्लेट र गाँजा ८ किलो फेला पारेको प्रहरीले जानकारी दिएको छ । लागुऔषधसहित स्याङ्तानलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

**सामुदायिक रेडियो, रेडियो निकास**
**९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**
The Voice of Community

# हेटौंडाका विद्यालयको विदा दुई दिन लम्बियो

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रका विद्यालयमा थप दुई दिन विदा हुने भएको छ । हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले शनिवार दिउँसो एक सूचना प्रकाशित गर्दै गर्मी मौसममा सुधार नआएको र सरोकारवालासँग छलफलपछि विद्यालय दुई दिन जेठ २८ र २९ गते विद्यालयमा भौतिक उपस्थित भएर पठनपाठन बन्द रहने जानकारी गराइएको छ ।

जेठ ३० गतेदेखि भने बिहानी कक्षा सञ्चालनका लागि आवश्यक तयारी गर्न विद्यालयलाई अनुरोध समेत गरिएको छ । विद्यालय विदा रहेको समयमा बालबालिकालाई दिउँसो घाममा बाहिर निस्कन नदिई घरमै सुरक्षितरुपमा रहने व्यवस्था मिलाउन, बालबालिकालाई रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने, बालबालिकालाई पोषणयुक्त खाना खुवाउने, जंकफुड, स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुराहरु खान नदिन, नखुवाउन, स्वच्छ पानी पिउने व्यवस्था मिलाउन पनि महाशाखाले आग्रह गरेको छ ।

हाम्रो सुमो सेवा-२ को

**काउन्टर सरेको जरुरी सूचना**



हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कम्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाईंको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइन: ९८५५०-७२२८८**

# सम्पादकीय

## बालश्रम अन्त्य गर्न कठिन

बालश्रम अन्त्यका लागि करिब अढाई दशकअघि ऐन बनाएर कार्यान्वयनमा ल्याइएको भए पनि बालश्रम अन्त्य हुन सकेको छैन । जटिल सामाजिक समस्याको रुपमा रहेको बालश्रम न्यूनीकरण भए पनि अन्त्य गर्न निकै कठिन बनिरहेको छ । ४ वर्षभन्दा मुनिका कुनै पनि बालबालिकालाई श्रममा लगाउन नपाइने कानुनी व्यवस्था छ । १४ देखि १८ वर्षसम्मका बालबालिकालाई श्रम तथा रोजगार कार्यालयको अनुमति लिएरमात्र श्रममा लगाउन पाइन्छ । यस्ता बालबालिकालाई श्रममा लगाउँदा दैनिक ६ घण्टाभन्दा बढी समय श्रममा लगाउन पाइँदैन र लगातार ३ घण्टाभन्दा बढी श्रममा लगाउन पाइँदैन । १४ वर्षमाथिका बालबालिकालाई काममा लगाए पनि न्यूनतम १५ हजार रुपैयाँ पारिश्रमिक दिनुपर्ने हुन्छ । तर, अनुमति लिने र तोकिएको पारिश्रमिक दिने त टाढाको कुरा, १४ वर्ष मुनिका बालबालिकालाई निकृष्ट र जोखिमपूर्ण श्रममा लगाउने क्रम रोकिएको छैन । बालबालिकालाई निष्कृष्ट बालश्रममा लगाए १० हजार रुपैयाँ जरिवाना वा ३ महिना कैद वा दुबै सजाय हुने कानुनी व्यवस्था छ । यस्तै, जोखिमपूर्ण काममा लगाए ५० हजार रुपैयाँ जरिवाना वा एक वर्ष कैद वा दुबै सजाय हुने व्यवस्था छ ।

बालश्रम नेपाली समाजमा अझै पनि आधुनिक दासताकै रुपमा रहिआएको छ । बालश्रम शोषणका कारण लाखौं बालबालिका शिक्षालगायतका अधिकार बाट वञ्चित भइरहेका छन् । हेटौंडा उपमहानगरपालिकाले २०८० मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी गरिरहेको भए पनि बालश्रमको अन्त्य गर्न ठूलो चुनौती देखिएको छ । उपमहानगरको बालमैत्री घोषणा अभियानलाई सफल बनाउन श्रमिक बालबालिकाको अनुगमन गरी उद्धार र पुनर्स्थापना गरिरहेको भए पनि बालश्रममा संलग्न गराउने क्रम दोहोरिइरहेको छ । उपमहानगरको बालश्रमिक उद्धार तथा पुनर्स्थापना उपसमितिले अनुगमन र कारबाहीलाई तिब्रता दिइरहेको अवस्थामा समेत बालश्रम रोकिएको छैन । हालैमात्र हेटौंडाको ४ र ५ नम्बर वडामा सञ्चालन भइरहेका वर्कशप र होटलमा श्रम कार्यालय, हेटौंडा उपमहानगरपालिका, बाल हेल्पलाइन, जिल्ला प्रहरी कार्यालय, वडा सहजकर्ता र सञ्चारकर्मीको संयुक्त टोलीले बालश्रमको अवस्था अनुगमन गरेको छ । अनुगमनका क्रममा बालबालिकालाई श्रममा लगाएको पाइएको हो ।

हेटौंडा–५ मा रहेको दुईवटा मोटरसाइकल वर्कशप र एउटा होटलमा अनुगमन गर्दा एउटा मोटरसाइकल वर्कशपले १८ वर्षभन्दा मुनिका एक बालकलाई श्रममा लगाएको स्वीकारेको थियो । होटलका सञ्चालकले पनि १८ वर्षभन्दा मुनिका २ बालबालिकालाई श्रममा लगाएको बताएका हुन् । ८ हजार मासिक पारिश्रमिक दिने गरी बालबालिकालाई काममा लगाएको होटल सञ्चालकले बालबालिकालाई श्रममा लगाउनु कानुनविपरीत रहेको जानकारी पाएपछि बालश्रमिकलाई परिवारको जिम्मा लगाएका छन् । हेटौंडा–४ मा रहेको एक अटो ट्रेडर्समा पनि मासिक ५ हजार रुपैयाँ दिनेगरी १७ वर्षीय एक भारतीय बालकलाई श्रममा लगाएको पाइएको छ । यस्तै, एउटा मोटर साइकल वर्कशपले बिना पारिश्रमिक १५ वर्षीय भारतीय बालकलाई श्रममा लगाएको पाइएको छ भने एउटा लेथ वर्कशपले पनि १४ वर्षीय भारतीय बालकलाई श्रममा लगाएको पाइएको छ ।

बालश्रमिकको अनुगमन तिब्र भएपछि र बालश्रममा बालबालिका लगाउनु कानुनविपरीत रहेको सूचना प्राप्त भएपछि बालबालिकालाई कामबाट हटाउने गरेको बताइएको छ । सचेतनामूलक तथा दबावमूलक कार्यक्रमले बालबालिकालाई श्रमिकको रुपमा राख्ने क्रममा केही कमी आएको भए पनि बालश्रम पूर्णरुपमा हट्न सकेको छैन । अनुगमनको क्रममा बालश्रम प्रयोग गर्नेलाई सामान्य कारबाही गर्ने र बालबालिकालाई परिवारको जिम्मा लगाउने गरिए पनि गरिबी र अभावकै कारण कतिपय अभिभावकले नै आफ्ना छोराछोरीलाई काममा पठाउने गरेका कारण बालश्रम अन्त्य गर्न कठिनाई भइरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : महत्वपूर्ण योजनाहरु बन्ने समय योग छ । |
| वृष | : आर्थिक अवस्था कमजोर रहने समय योग छ । |
| मिथुन | : व्यापार–व्यवसायबाट लाभ प्राप्त होला । |
| कर्कट | : दीर्घकालिन कार्यको शुरुवात हुने समय छ । |
| सिंह | : मानसम्मान र पदोन्नति हुने समय योग छ । |
| कन्या | : खानपानमा बिचार पुऱ्याउनु पर्ने समय छ । |
| तुला | : आयश्रोत नहुनाले अप्ठ्यारो आइपर्ला । |
| वृश्चिक | : व्यापार–व्यवसायबाट हानी बेहोर्नु पर्ला । |
| धनु | : सामाजिक क्षेत्रबाट मान– सम्मान प्राप्त । |
| मकर | : वादविवाद र अनावश्यक दौडधूप बढ्ला । |
| कुम्भ | : परिश्रमले काममा पूर्णता र सफलता प्राप्त । |
| मीन | : धन सम्पत्तिमा हानी बढ्ने समय योग छ । |

# हाम्रा फोन नै बैंक बन्दैछन्



✍ सुरेन्द्र पाण्डे

अहिले बजारमा डिजिटल मुद्रा सम्बन्धमा विभिन्न चर्चा, परिचर्चा भइरहेको छ । त्यसमध्ये चर्चित रूपमा बाहिर आइरहेको नाम हो, केन्द्रीय बैंक डिजिटल मुद्रा (सीबीडीसी) । नयाँ पुस्ताका मानिसलाई यस सम्बन्धमा जानकारी भए तापनि पुराना पुस्ताकालाई यसबारेमा अन्योल हुन सक्दछ । तर ढिलो वा चाँडो संसारभरि नै डिजिटल मुद्राको प्रचलन बढ्दै जाने र त्यसको प्रभाव नेपालमा पनि पर्ने भएको हुनाले अर्थशास्त्री, वित्तीय र प्रविधि क्षेत्रमा कार्यरत संस्था तथा व्यक्ति, नीतिनिर्माताहरू मात्र होइन सबै नागरिकहरूले यस बारेमा जानकारी लिनु नितान्त आवश्यक छ ।

सन् २००७/०८ को विश्वव्यापी आर्थिक मन्दीको कारणले केही अमेरिकी बैंकहरू टाट पल्टिए । त्यसको परिणाम स्वरूप अमेरिकी डलरको भाउमा गिरावट आयो । त्यसले केन्द्रीय मौद्रिक अधिकारी माथिको विश्वासलाई कमजोर बनायो । त्यही परिप्रेक्ष्यमा सन् २००९ मा साताकी नाकामोतो नामक व्यक्तिले बिटक्वाइन सफ्टवेयरको विकास गरेसँगै डिजिटल मुद्राको कारोबार सुरु भयो । त्यसयता विभिन्न नामका क्रिप्टो मुद्राहरू प्रचलनमा आए ।

यस्तो मुद्रालाई विश्वका धेरै सरकारले स्वीकार नगरे पनि कतिपयले स्वीकारे । नेपाल राष्ट्र बैंकले क्रिप्टोलाई प्रतिबन्ध लगाएको छ । नेपालमा क्रिप्टो मुद्रा प्रतिबन्धित भए तापनि यहाँ ठूलो मात्रामा त्यसको कारोबार भइरहेको चर्चा छ । यसबाट नेपाली पूँजी अवैध रूपले पलायन भइरहेको कुरा त्यसको अध्येता र व्यवसायी स्वयंले बताइरहेका छन् ।

सरकार वा विभिन्न देशका केन्द्रीय बैंकहरूले स्वीकार गरून् या नगरून्, विश्वमा त्यसको प्रभाव बढ्दै गयो । कुनै केन्द्रीय नियमन नभएको र वितरित खाता (डिष्ट्रीब्युटेड लेजर)मा आधारित क्रिप्टो करेन्सीको प्रभाव बढ्दै गएपछि केन्द्रीय बैंकहरू दबाबमा पर्न थाले ।

त्यसपछि केन्द्रीय बैंकहरु स्वयं डिजिटल मुद्रा सम्बन्धमा अनुसन्धान र निष्कासन गर्न सहमत र बाध्य हुँदै आए । केन्द्रीय बैंक डिजिटल करेन्सीहरु क्रिप्टो करेन्सीभन्दा फरक हुन् । केन्द्रीय बैंक डिजिटल मुद्रा विभिन्न प्रकारका छन् । विभिन्न देशमा भिन्न-भिन्न दृष्टिकोणका साथ त्यसको प्रयोग र परीक्षण भइरहेको छ । कुनै खाता आधारित अर्थात् डिक्यास मोडलमा छन् । यस्तो अभ्यास पूर्वी-क्यारेबियन मुलुकहरुमा सुरु भएको छ । ती देशहरुमा उपभोक्ताहरुले प्रत्यक्ष रुपमा केन्द्रीय बैंकमा निक्षेप खाता खोल्ने गर्छन् ।

तर चीनले त्यसको विपरीत निजी क्षेत्रका बैंक मार्फत डिजिटल मुद्रा खाता खोली कारोबार सुरु गरेको छ । युरोपियन बैंकहरूले अनुमति प्राप्त 'ब्लक चेन'को च्यानल प्रयोग गरी कारोबार गर्नेबारे अध्ययन सुरु गरेका छन् ।

चीनको केन्द्रीय बैंक पिपुल्स बैंक अफ चाइनाले सन् २०१३ देखि नै केन्द्रीय बैंक डिजिटल मुद्राको अनुसन्धान सुरु गरेको बताइन्छ । अहिले विश्वभरका केन्द्रीय बैंक समेत ११४ भन्दा बढी संस्था केन्द्रीय बैंक डिजिटल मुद्राको अनुसन्धान र प्रयोगात्मक परीक्षण कार्यमा संलग्न र सक्रिय छन् । त्यसमा नेपाल पनि रहेको छ ।

अफ्रिकाको सानो टापु राष्ट्र बहामाजले सन् २०२० मा स्याण्ड डलर नामको केन्द्रीय बैंक डिजिटल मुद्रा जारी गरेको थियो । नाइजेरियाले २५ अक्टोबर २०२१ देखि इ-नाइराको प्रयोग सुरु गरेको छ । अमेरिकाले पाइलट प्रोजेक्टको रूपमा अमेरिकी र विश्वका अरू देशका बैंकहरूबीच थोक कारोबार सुरु गरेको छ । जून २०२२ मा जमैकाको केन्द्रीय बैंक, बैंक अफ जमैकाले केन्द्रीय बैंक डिजिटल मुद्रा सम्बन्धी कानुन बनाएको छ ।

भारतले सन् २०२२ को नोभेम्बर र डिसेम्बरमा डिजिटल रुपीको पाइलट प्रयोग थोक र खुद्रा कारोबार दुवै क्षेत्रको अध्ययन सुरु गरेको छ र १ डिसेम्बर २०२२ देखि नयाँदिल्ली, मुम्बई, बैंगलुरु र भुवनेश्वरमा त्यसको परीक्षण प्रयोग सुरु गरेको छ । त्यसमा भारतका ८ वटा निजी क्षेत्रका बैंकहरू सक्रिय रहेका छन् । सब-सहारान अफ्रिकी मुलुकहरूले एम-पेसा नामक घुम्ती मुद्रा हस्तान्तरण सेवा सुरु गरेका छन् र निकट भविष्यमा केन्द्रीय बैंक डिजिटल मुद्रा प्रयोग गर्न खोज्दैछ ।

साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सको केन्द्रीय बैंक मिलेर 'एबेर' नामक संयुक्त परियोजना सुरु गरी डिजिटल मुद्रा जारी गर्ने र दुई देशका आन्तरिक र अन्तरदेशीय भुक्तानी उपकरणको रूपमा प्रयोग गर्न सहमति गरेका छन् ।

पछिल्ला समयमा चिनियाँ केन्द्रीय बैंकले स्थानीय समुदायबीच विभिन्न पाइलट परियोजना संचालन गरेको छ । जनतालाई त्यसको प्रयोग बढाई वस्तु तथा सेवा खरिद गर्न प्रोत्साहित गरिरहेको छ । सन् २०२२ को अगष्ट सम्ममा 'ई-सियनवाई' अर्थात् इ-युआनको कारोबार १३.९ अर्ब अमेरिकी डलर नाघिसकेको छ ।

केन्द्रीय बैंक डिजिटल मुद्रा विच्याट पे, एप्पल पे, अलि पे भन्दा भिन्न छ । किनकि स्मार्ट फोनको माध्यमबाट जब कुनै वस्तु वा सेवा खरिद गरिन्छ ती एपहरू मार्फत एउटा खाताबाट अर्को खातामा रकम भुक्तानी गर्ने वा सर्ने गर्दछ । तर, केन्द्रीय बैंक डिजिटल मुद्रा वास्तविक मुद्रा भएकाले तिनीहरू सिक्का वा नोटको रूपमा मूल्य र छुट्टै पहिचानसहित व्यक्तिको फोनमा सुरक्षित रूपले भण्डारण हुन्छ । यो डिजिटल मुद्राको विकासमा नयाँ सीमा हो ।

नयाँ वैज्ञानिक प्रयोग सँगसँगै आजको संसार छिटो गतिले अगाडि बढिरहेको छ । त्यति मात्र होइन सरकारहरु दक्ष, पारदर्शी, जनउत्तरदायी बन्नुपर्ने दबाब पनि दिनानुदिन बढ्दै गएको छ । डिजिटल मुद्रा यसको परिणति त भन्न नमिल्ला । तर आजको सन्दर्भमा यो मुद्राले समाजलाई तुलनात्मक रुपले बढी प्रभावकारी ढंगले अघि बढाउन मद्दत मिल्दछ ।

डिजिटल मुद्राको कारोबारले दक्षता अभिवृद्धि, समयको बचत, लागत कटौती, तत्काल क्रेता र बिक्रेताबीच पहुँच र कारोबारकै समयमा तत्क्षण सम्पन्न हुने गर्दछ । यसको माध्यमबाट बैंकिङ पहुँच नपुगेका जनसंख्यामा पहुँच सहज हुन्छ ।

भारत र चीन जस्ता दुई ठूला अर्थतन्त्रका बीचमा रहेको नेपालले दुवै देशमा विकसित भइरहेको डिजिटल मुद्रा कारोबारको प्रभावबाट टाढा रहन सक्दैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण सिलसिलामा नेपाल-भारतबीच डिजिटल पेमेन्ट प्रणाली सुरु गर्ने सहमतिका कारणले पनि नेपालले केन्द्रीय बैंक डिजिटल मुद्राको विकास र डिजिटल पेमेन्टबारे स्पष्ट गर्न र तयारी कार्य अगाडि बढाउन जरुरी भएको छ ।

डिजिटल मुद्राको उपयोगिताको चर्चा गर्दा त्यसबाट पर्ने नकारात्मक असरहरुबारे भने हामी अनभिज्ञ रहन सक्दैनौं । त्यसका लागि विभिन्नले विभिन्न सावधानीहरु अपनाउन कोसिस गरिरहेको पाइन्छ । बैंक अफ इन्टरनेशनल सेटलमेन्ट (बीआईएस) ले हालै प्रकाशित गरेको 'बृहत् अनुसन्धान' प्रतिवेदनले अझै पनि केन्द्रीय बैंक डिजिटल मुद्राको प्रयोग सम्बन्धमा प्रभावकारी, प्रयोगमैत्री, टिकाउ, सुरक्षित, दिगो, अफलाइन प्रयोग सहज हुनुपर्ने र नक्कल (चोरी) गर्न नसक्ने बनाउने जस्ता कुरामा कुनै सम्झौता गर्न नसकिने विषयतर्फ विचार पुऱ्याउन सबै केन्द्रीय बैंकहरूलाई सुझाव दिएको छ ।

क्वान्टम कम्प्युटरको विकासले केन्द्रीय बैंक डिजिटल मुद्रालाई प्रत्यक्ष प्रभाव पार्नेछ । साधारण जनताको लागि क्वान्टम कम्प्युटिङ जटिल कुरा भए तापनि निकट भविष्यमै विज्ञानको विकासले ठूलो अग्रता कायम गर्दैछ । कृत्रिम बौद्धिकता र क्वान्टम गणनाको विकासले ठूलो फड्को मार्दैछ । डिजिटल मुद्रा प्रयोगमा क्वान्टम कम्प्युटिङबाट ह्याकिङ हुनसक्ने सम्भावना हुने भएकोले सुरक्षित हुनु अति जरुरी छ ।

डिजिटल मुद्राको नयाँ प्रयोगसँगै त्यसले पार्ने नकारात्मक प्रभावलाई ध्यानमा राखी चिनियाँ केन्द्रीय बैंकले केन्द्रीय बैंक डिजिटल मुद्राको प्रयोगले व्यक्तिको गोपनीयतामा पार्ने प्रभाव र अरू सम्भावित चुनौतीको समाधानका लागि औपचारिक रूपले, 'डिजिटल मुद्रा प्रतिष्ठान' स्थापना गरेको छ । त्यसले विश्वभरिका विद्वान, विज्ञ, वैज्ञानिक, वैचारिक बहसकर्ताहरूलाई आमन्त्रण गरी विचार मन्थन गर्ने र सम्भावित समस्याको समाधान गर्ने धारणा अगाडि सारेको छ । त्यस अतिरिक्त उक्त संस्थाले विभिन्न प्रविधिबीच प्रतिस्पर्धा गराई पुरस्कारको व्यवस्था गरेको छ ।

डिजिटल मुद्राको प्रयोगको विस्तार सँगसँगै सेवालाई गरीब र ज्येष्ठ नागरिकसम्म कसरी पहुँच पुऱ्याउने भन्ने विषयमा पनि अन्तर्राष्ट्रिय समुदायको ध्यान गएको छ । किनकि त्यसका लागि अनिवार्य रुपमा स्मार्ट फोन र इन्टरनेटको पहुँच आवश्यक पर्दछ । यस समस्याको समाधानमा चिनियाँ केन्द्रीय बैंकले अफलाइनमा पनि सेवाको पहुँच हुने नयाँ प्रविधिको विकास गरेको छ । इन्टरनेट विना नै केही सेकेण्डमा भरपर्दो ढंगले भुक्तानी दिने र भुक्तानीको ग्यारेन्टी गरेको छ ।

प्रत्येक सुनौलो कुराको राम्रा र नराम्रा पक्ष हुन्छन् र यो डिजिटल मुद्राको पनि हुन्छ भनेझैं हामीहरू सधैं नयाँ प्रविधिको खतराप्रति पनि चनाखो हुनैपर्छ । केन्द्रीय बैंक डिजिटल मुद्रा पनि त्यसको अपवाद हुन सक्दैन । विश्वव्यापी रुपमा मात्र होइन नेपालका समेत धेरै जनताले डिजिटल भुक्तानीलाई रोजिसकेका छन् । केन्द्रीय बैंक डिजिटल मुद्राको प्रयोगसँगै नयाँ अवस्थामा फड्को मार्नेछ । हाम्रा फोनहरु हाम्रा बैंक बन्नेछन्, जसभित्र डिजिटल सिक्का वा नोटहरू भण्डारण हुनेछन् ।

(नेकपा एमालेका उपाध्यक्ष समेत रहेका लेखक पूर्व अर्थमन्त्री पनि हुन् । स्रोतः अनलाईनखबर))

# दुष्प्रवृत्ति उन्मूलनतर्फ



✍ प्रा.डा हरि शर्मा

प्रत्येक दिन बिहान विभिन्न सञ्चार माध्यमबाट सम्प्रेषित हुने समाचारहरु सुनेपछि, पढेपछि देशले निश्चित रुपमा एउटा नयाँ मार्गरेखा पहिल्याउन चाहिरहेको अनुभूति हुनु सम्पूर्ण देशवासीका लागि एकदमै सहज, सरल र स्वाभाविक ठहरिएको छ ।

राजनीतिक दलहरुको कलंकित गठबन्धनबाट सुरु भई गत मंसिरमा सम्पन्न भएको आमनिर्वाचनपछिको घटनाक्रमले एकपछि अर्को गर्दै आफ्नो क्रमभंगतालाई अटुट रुपले निरन्तरता दिँदै आइरहेको प्रस्टै छ । आमजनताले यो सिलसिलालाई राम्ररी बुझेर नै चितवन र तनहुँको उपनिर्वाचनमा बलिया मानिएका राजनीतिक दलका उम्मेदवारहरुलाई आफ्नो मतदानबाट पाखा लगाइदिएका हुन् । संसद् सुरु भएकै दिनबाट भ्रष्टाचारको मुद्दाले प्राथमिकता पाउन थाल्यो । कालोबजारी, घूस, कमिसनतन्त्र र बिचौलियाहरुको जगजगीले देशलाई लहरो तान्दा पहरो थर्कनेको अवस्थामा पुर्यायो ।

अन्ततः गएर सरकारमा उपप्रधानमन्त्रीको जिम्मेवारी वहन गरेकादेखि लिएर गृहमन्त्रीसमेतका व्यक्तित्वहरु, साथै सरकारका उच्चपदस्थ अन्य ३० जना अनुसन्धानका क्रममा पक्राउ परे एवं भुटानी शरणार्थीका नेता पनि मानव तस्करीको अभियोग लागेर अभियुक्त बने । चर्चामा अझ धेरै ठूला माछाहरूको नाम आइरहेको छ, तर कारबाहीको तदारुकता कताकता हराउँदै गइरहेको वा सेलाउँदै गइरहेको बुझिन्छ ।

देशका शासकवर्गबाटै मुलुकका नागरिकलाई अकुत रकम लिएर अनागरिक बनाई भुटानी शरणार्थीको सूचीमा राखी शरणार्थीका रुपमा संयुक्त राज्य अमेरिका पठाउने जुन घृणित कामको प्रयास भयो, त्यो एकीकृत नेपाली समाजभित्र रहेको मान्यता र मूल्यहरुको विरुद्ध हो र राष्ट्रघाती काम पनि हो । भ्रष्टाचार प्रकरणका सन्दर्भमा तयार पारिएका अनुसन्धानसम्बन्धी दस्ताबेजमा दिनहुँ पानाहरु थपिँदै गइरहेकै बेला वर्तमान सरकारले मूल मुद्दालाई ओझेलमा पार्दै मुलुकको वार्षिक कार्यक्रम र बजेटको घोषणा गर्यो र गत जेठ ५ मा राष्ट्रपतिद्वारा संघीय संसद्को संयुक्त बैठकमा झन्डै दुई घण्टा लामो नीति तथा कार्यक्रम प्रस्तुत भयो ।

देशको आर्थिक अवस्था (अर्थतन्त्र) जर्जर हुँदै गइरहेको परिप्रेक्ष्यमा सरकारको नीति तथा कार्यक्रमलाई सबैले धेरै अपेक्षाका साथ सुने तर सत्तापक्षका बाहेक अन्य कसैले पनि त्यसलाई समयसापेक्ष रहेको अभिव्यक्ति कतै पनि दिइएको पाइएन । वर्षायाममा मासिक ५० र हिउँदमा ३० युनिटसम्म विद्युत् खपत गर्नेलाई निःशुल्क गरिनेबाहेकका अन्य कार्यक्रमहरुप्रति जनचासो शून्यप्रायः नै देखियो र गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते सोमबार संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आव २०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गर्नुभयो ।

मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धिसहितको सबल अर्थतन्त्र निर्माण गर्नेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित रहेको भन्दै उहाँले पुरानै बोतलमा नयाँ पेय राखेझैं गरी आफ्नो बजेट भाषणको पृष्ठभूमिमा भनेका कुरालाई चट्ट बिर्सेर आगामी वर्ष विकासतर्फ ३ खर्ब २ अर्बको परिधि तोक्दै आफ्नो बजेट प्रस्तुत गर्नुभयो, जसको जनस्तरबाट साथै संसदभित्रबाट पनि चर्को स्वरमा विरोध हुँदै आएको र पूर्वअर्थमन्त्रीले आव ०७८/७९ को बजेटमार्फत खारेज भइसकेको सांसद विकास कोषलाई आफूखुसी ब्यूँताउने अत्यन्तै लाजमर्दो काम गरेको भनी आलोचित हुनुका साथै विद्यमान अवस्थामा प्रत्येक निर्वाचन क्षेत्रलाई ५-५ करोड रुपैयाँ जनताले तिरेको सञ्चित कर (राज्यको ढुकुटी) बाट संसद्भित्रै यसको चर्को विरोध हुँदाहुँदै यसरी बाँडिनु

...बाँकी पृष्ठ ३ मा

### साना किसान सहकारी मनहरीको रजत जयन्ती कार्यक्रम समापन

# सुविधासम्पन्न आधुनिक सभाहल उद्घाटन

समाज संवाददाता

हेटौंडाः साना किसान सहकारी संस्था लिमिटेड मनहरीको आधुनिक सभाहल उद्घाटन गरिएको छ। सहकारी स्थापनाको रजत जयन्ती (२५ वर्ष) भएको अवसरमा आधुनिक सभाहल उद्घाटन गरिएको हो।

रजत जयन्तीको अवसरमा सहकारीले आयोजना गरेको सप्ताहब्यापी कार्यक्रमअन्तर्गत् शुक्रबार मनहरी–८, सिम्पानीस्थित सहकारीको मुख्य कार्यालयमा बनेको आधुनिक सभाहल उद्‍्‍टन गरिएको छ। संस्थाकी अध्यक्ष बिमला कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघ अध्यक्ष तथा राष्ट्रिय सहकारीका केन्द्रीय सदस्य खेमबहादुर पाठकको प्रमुख आतिथ्य थियो।

संघ अध्यक्ष पाठकले उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पछिल्लो समयमा केहि समूहले सहकारी, लघुवित्तको ऋण मिनाहाको बहानामा साना ऋणीहरुलाई उचालेर आफ्नो ठूलो ऋण मिनाहाको लागि लागिरहेकाले केही सहकारी तथा लघुवित्त बन्द हुने अवस्थामा पुगेको बताउनुभयो। साना किसान सहकारीमा त्यस्तो अवस्था नभए पनि सजग हुनु जरुरी रहेको उहाँले बताउनुभयो।

‘जहाँ सुशासन कायम भएको छैन, शेयर सदस्यलाई सहकारीबारे ज्ञान छैन, त्यो ठाउँमा सहकारी तहसनहस भएको छ’, संघ अध्यक्ष पाठकले भन्नुभयो– ‘अब किसानको बारीमा उत्पादित तरकारी फलफूलहरु भाटभटेनी, बिगमार्टसँग सिधा व्यापारको लागि छलफल गर्दै छौं।’ अहिले स्थानीय सरकारका जनप्रतिनिधिहरु साना किसानको कार्यक्रम माग गर्न संघीय सरकारसम्म पुग्ने गरेको भन्दै सरकारको नीति तथा कार्यक्रमअनुसार अब ऋण लिने किसानको ऋण बिमा गरिने भएको उहाँले बताउनुभयो। किसानको वर्षौंदेखिको माग अहिले सरकारले अघि बढाएकोसमेत उहाँले बताउनुभयो।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले मकवानपुरको ग्रामीण क्षेत्रमा साना किसान सहकारीले अग्रणी भूमिका निर्वाह गरेकोमा प्रशंसा गर्नुभयो। किसानहरुका लागि २५ वर्षदेखि लडेको यो संस्थाले गर्दा धेरैको जीवनस्तर उकास्न सफल भएको उहाँको भनाई छ। शेयर सदस्यहरुका लागि मात्र नभई अरु साना किसानलाई ठूलो किसान बनाउनसमेत उहाँले आग्रह गर्नुभयो। साना किसान सहकारीसँग आगामी दिनमा पालिकाको निरन्तर साथ र सहयोग रहने उहाँले जानकारी दिनुभयो।

सहकारी संस्थाका संस्थापक अध्यक्ष एवम् निवर्तमान मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले कार्ययोजना बनाई आगामी ५ वर्षभित्र एक सय करोडको कारोबार गर्ने बनाउनुपर्ने बताउनुभयो। हिजोको परम्परागत कृषिलाई व्यावसायीकरण गराउँदै आधुनिकीकरणतर्फ अघि बढ्न अब सहकारीको ठूलो गोदामघर बनाउनुपर्ने उहाँको भनाई छ। किसानहरुको कृषि अन्नबाली, तरकारीहरु जम्मा गर्दै उचित मूल्यमा बिक्रीवितरण गरी सहजता ल्याउनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा मनहरी गाउँपालिकाको उपाध्यक्ष सीता पुलामी मगर, साना किसान सहकारी लघुवित्त वित्तीय संस्थाका इलाका प्रबन्धक कृष्णकुमारी शर्मा, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति अध्यक्ष गणेशमान मानन्धर, आमाघर सेवा आश्रमका विजयराज सिग्देल, मनहरी ८ का वडा अध्यक्ष नारायण उप्रेतीको आतिथ्य थियो। यस्तै, इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक कृष्णराज ढकाल, सहकारीका वरिष्ठ लेखा अधिकृत बिष्णुप्रसाद कालाखेती, लेखासमिति संयोजक मातृकाप्रसाद ढुंगाना, संस्थाका उपाध्यक्ष लीलाराम भट्ट, दिव्यज्योति सहकारीका अध्यक्ष सुजिता कार्की, राष्ट्रिय रोटरी माविका अध्यक्ष शालिकराम बानियाँ, साना किसान सहकारी संस्था लिमिटेडको हाँडीखोला, बसामाडी, हटिया, हर्नामाडी, मकवानपुरगढी र भैंसेका अध्यक्ष तथा पदाधिकारीहरुको आतिथ्य रहेको थियो।

कार्यक्रममा दुध उत्पादनतर्फ सोरिना सुवेदी, एनएलएसआईपी परियोजनाका उत्कृष्ट निर्मला सुवेदी, भक्तिमाया माझी र लक्ष्मी राई, पशुपालनतर्फ मानबहादुर मोक्तान, अनिता अर्याल, बिमला थोक्रा र बिमला स्याङ्बोलाई सम्मान गरिएको छ। त्यस्तै, सर्वोत्कृष्ट कारोबारमा सुजिता कार्की, सहुलियत कर्जा सदुपयोगमा सिर्जना तिमिल्सिना, उत्कृष्ट सदस्यमा नानीछोरी नेपाली, उत्कृष्ट महिला उद्यमीमा लक्ष्मी प्रजालाई सम्मान गरिएको छ। त्यस्तै, तरकारी खेतीतर्फ राममाया अर्याल र कमला राईलाई सम्मान गरिएको छ।

संस्थापक अध्यक्ष उप्रेतीलाई संस्थापक अध्यक्ष सम्मान प्रदान गरिएको छ भने सहकारीका मुख्य प्रबन्धक ज्योति सुवेदी र कार्यालय सहायक विष्णुप्रसाद अर्याललाई दीर्घसेवा सम्मान प्रदान गरिएको थियो। संस्थापक पूर्वप्रबन्धक विष्णुप्रसाद कालाखेती, निर्मला कडारिया, कर्मचारीहरु राममणि पराजुली, गोपालप्रसाद न्यौपानेलाई पनि सम्मान गरिएको थियो। धेरै अवधि सञ्चालकका तर्फबाट लेखा संयोजक मातृका ढुंगाना र सञ्चालक सदस्य रामकृष्ण उप्रेतीलाई समेत सम्मान गरिएको थियो।

वि.सं २०५५ सालमा पूर्ण स्वामित्व लिई स्थापनाकालमा ६ सय ६३ जना शेयर सदस्यबाट सुरुवात गरिएको सहकारीमा हाल २ हजार ५ सय ६८ जान शेयर सदस्यहरु रहेका छन्। सहकारीले हाल ५२ करोड रुपैयाँभन्दा बढी वार्षिक कारोबार गर्दै आएको मुख्य प्रबन्धक ज्योति सुवेदीले बताउनुभयो।

जेठ २१ गते पत्रकार सम्मेलन गरी सुरु भएको सप्ताहव्यापी कार्यक्रम २२ गते विश्व वातावरण दिवसको अवसरमा वृक्षरोपण, २३ गते रक्तदान, २४ गते गरिबी न्यूनीकरणमा साना किसान सहकारी संस्थाको भूमिका विषयक पालिकाको माध्यमिक तहका विद्यार्थीबीच वक्तृत्वकला प्रतियोगिता, २५ गते आधुनिक प्रविधि र प्रतिस्पर्धात्मक अवस्थामा संस्थापक सदस्यहरुको भूमिका र महत्व विषयमा अन्तरक्रिया एवम् प्रशिक्षण कार्यक्रम र २६ गते शुक्रबार आधुनिक सभाहल भवन उद्घाटन गर्दै रजत जयन्ती कार्यक्रम समापन भएको छ।

## दुष्प्रवृत्ति...

सरासर अर्थमन्त्रीको पूर्वाग्रही कदम हो भन्न सकिन्छ।

संसदीय समितिहरुकै पहलमा खारेज गरिएको यस्तो विवादस्पद कार्यक्रमलाई रातो किताबबाट अविलम्ब हटाइनु उपयुक्त हुने बुझिन्छ। मुलुकभरि छरिएर रहेका स्थानीय सरकारहरूको उपस्थिति छँदाछँदै सांसदहरूलाई पुनः लोभी र राज्यदोहनको भागीदार किन बनाइँदै छ ?

सांसदको मुख्य जिम्मेवारी नीति निर्माण गर्ने हो। बेरुजुका फाइल खडा गर्ने होइन। युवा वैज्ञानिक महावीर पुनले अघि सार्नुभएको अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि नेपाल सरकारले १ अर्बको कोष स्थापना गरिने कार्यक्रमलाई भने सम्पूर्ण नेपाली जनताले बडो सराहनाका साथ स्विकारेका छन्। समग्रमा हेर्दा आगामी आर्थिक वर्षको बजेटले समाजका कुनै पनि वर्गका नागरिकका लागि सन्तोष लिने कहीं कुनै रचनात्मक प्रावधान रच्न असफल भएको नै भान हुन्छ। अर्थतन्त्रको अवस्था सुधार्ने कुनै वैज्ञानिक उपायको पहिचानसमेत यस बजेटले गर्न नसकेको स्पष्ट छ। सुन्दर नाराहरुको सँगालो जुटाएर फेरि पनि विकास निर्माणका नाममा पर्यावरण नास्ने प्रतिबद्धतासहितको बजेट प्रस्तुत गर्ने धृष्टता गरिएको र शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र जलस्रोततर्फ सतही गफको पुलिन्दाजस्तो बनाइएको बजेटले जनमानसभित्र रहेको आर्थिक नैराश्यतालाई झन् बढाएको छ।

वार्षिक १० खर्ब रेमिटेन्स भित्र्याउने सरकारले रेमिटेन्स पठाउने विदेशमा श्रम गरेर बसेका लाखौंलाख श्रमजीवी युवाहरुलाई कुनै पनि कोणबाट सम्बोधन गर्न असमर्थ देखिएको छ। ती नेपाली रोजगारहरूलाई कमसेकम औपचारिक माध्यमबाट पैसा पठाउन प्रोत्साहित गर्न सकेको पनि देखिएन। देशको राजधानीलगाएत अन्य छिटपुट सहरहरूमा बडो तामझामका साथ रोजगारी मेलाको आयोजना पनि गरियो रे। ती मेलाहरु कति उत्पादक रहे होलान्, सो विचारणीय देखिन्छ। राष्ट्रका तीनवटै अंग भ्रष्ट रहेको सार्वजनिक तथ्यलाई बुझेर पनि सार्वभौमसत्तासम्पन्न देशभक्त नेपाली जनता निरुपाय भएर आउँदो आमचुनावलाई कुर्नेबाहेक अन्य विकल्प पहिल्याउन सकिरहेका छैनन्।

यसैबीच पाँच महिना लामो पर्खाइपछि हाम्रा प्रधानमन्त्रीको भारत भ्रमणको तालिका भारत सरकारबाट स्वीकृत भई बडो हतारमा नेपालले भार तसमक्ष राख्ने एजेन्डा निर्माण गरिए। प्रधानमन्त्री दिल्ली उड्नेभन्दा दुई घण्टाअगाडि संस्था कहलिए पनि कुनै पार्टी विशेषका वरद् पात्र राष्ट्रपतिले पूर्व राष्ट्रपतिद्वारा दुई-दुई पटक संसद्मा फिर्ता पठाइएको ‘नागरिकता विधेयक’ लाई मन्त्रिपरिषद्को पत्रका आधारमा प्रमाणीकरणको छाप लाएर प्रधानमन्त्रीलाई थमाइदिए। यो नक्कली भुटानी शरणार्थी प्रकरणजस्तो विकराल भ्रष्टाचारविरुद्ध एवम् टीकापुर काण्डका एक जना अभियुक्तलाई गणतन्त्र दिवसका उपलक्ष्यमा राष्ट्रपतिले आममाफी प्रदान गर्दा उर्लेको व्यापक जनभावनालाई उल्टाउने प्रयास थियो वा यसभित्र अन्य कुनै ल्यान्डुप दोर्जेहरूको चलखेल थियो, त्यो त विश्लेषकहरूले नै प्रस्ट पार्नेछन्। तर भयो के भने यस विषयले पनि संसद्मा प्रवेश पायो। चलिरहेको संसद्मा विवाद चुलियो र संसद् रोकियो। प्रतिपक्षलगायत अन्य दलहरूले प्रधानमन्त्रीसँग यसबारे स्पष्ट पार्न माग गरे। यद्यपि राष्ट्रपतिले प्रमाणीकरण गरेको नागरिकतासम्बन्धी विधेयक कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

उता भ्रष्टहरूको सूचीमा पुनः नामहरू थपिने काम भयो। कर फर्स्योट आयोगका तीन जना शीर्ष पदाधिकारीमाथि राज्यलाई आर्थिक नोक्सान पुर्याएको मुद्दामा विशेष अदालतले दोषी ठहर गर्‍यो। यसरी भ्रष्टाचारविरुद्ध सरकारले कारबाही अघि बढाउँदै जाँदा अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई एसिया महादेशका १७ वटा देशमा नेपाल सर्वाधिक भ्रष्ट मुलुक रहेको र त्यहाँको प्रशासनयन्त्र र ठूलाबडा नेताहरु नै बढी भ्रष्ट रहेको प्रस्ट्याउँदै विज्ञप्ति निकाल्यो। अख्तियार र सम्पत्ति शुद्धीकरणवालाहरुसँग भ्रष्टाचारका अनेक मुद्दा थन्किएका छन्।

अनुसन्धानपश्चात् ती एक-एक गरी प्रकाशमा आउलान् नै। अनुसन्धानका लागि बाटो अवरुद्ध पारेर भए-गरिएका कसुरहरूको लेखाजोखा कसले कसरी गर्ने, प्रस्ट छैन। सत्तासीनहरुको दबाबले सत्य सेवा सुरक्षणम्का सारथिहरुको मनोबल नगिरोस्, दोषी जोकोही भए पनि नछुटोस्, निर्दोष प्रमाणितहरूले सजायको भागीदार हुन नपरोस्– आमनेपालीको चाहना यही नै हो। हेक्का रहोस्, विश्वासको संकट सिजना गरेर विधिको शासनलाई धक्का पुर्याउनेहरू पनि भ्रष्ट नै हुन्। तिनले पनि उम्कन पाउनु हुँदैन।

उपसंहारमा भन्नुपर्दा हाम्रो मुलुक अहिले एउटा बहुतै जटिल राजनीतिक, आर्थिक र सामाजिक जालोमा जकडिन पुगेको र नागरिकहरूमा रहने गरेको मानवीय संवेदनशीलतामा पनि द्रुत रूपले ह्रास आइरहेको तथ्य छताछुल्ल हुँदै गइरहेको प्रस्टै छ। जस्तै मूल्य चुकाएर भए पनि व्यक्तिगत स्वार्थ र लाभको प्राप्ति अहिले सर्वत्र व्याप्त छ। भद्दा राजनीतिबाट उत्पादन भएको दुर्गन्धले हाम्रो राष्ट्रिय एकता, भाइचारा, समझदारी, मानसम्मान, गौरव, अन्तर्राष्ट्रिय प्रतिष्ठा र मर्यादामा समेत चिरा पर्दै गइरहेको सबै राष्ट्रप्रेमी नेपाली जनताले महसुस गरिराखेका छन्।

संविधान, ऐन, कानुन र सामाजिक मूल्यहरूलाई दाउमा राखेर राजनीतिक शक्ति सञ्चय गर्ने र गणतन्त्रका नाममा मनपरीतन्त्रतर्फ लम्कने कतिपय पुराना पुस्ताका र नवप्रवर्तित नेतृत्वले देशलाई जति नै ठूलठूला नारा दिए पनि सुमार्गमा डोर्याएर भ्रष्टाचारमुक्त सुशासन कायम गर्न भने असफल रहेका कारण अब उदाउँदै गरेका पुस्ताले अहिलेको राजनीतिक नेतृत्वको त्यस्ता दुष्ट प्रवृत्तिलाई जरैसित उन्मूलन गरेरै छाड्नेछन्। *(स्रोतः कारोबार दैनिक)*

## नवयुवाका सेयर सदस्यलाई सहकारी शिक्षा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सदस्यलाई प्रस्ताव तथा प्रतिवेदन लेखन एवम् सदस्य शिक्षा कार्यक्रम आयोजना गरेको छ। शनिबार सहकारीको सभाकक्षमा सहकारीका अध्यक्ष फुलमान श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल र नेफ्स्कून जिल्ला शाखा मकवानपुरकी कार्यक्रम अधिकृत यमकला सुवेदीले सहजीकरण गर्नुभएको सहकारीका व्यवस्थापक राजेश श्रेष्ठले जानकारी दिनुभएको छ। उद्घाटन कार्यक्रममा ११ नम्बर वडा सदस्य गोपिनी सापकोटा, १९ नम्बर वडा सदस्य रमा गोले, सहकारीको लेखा समिति संयोजक ध्रुव प्रसाद पराजुलीको पनि आतिथ्य रहेको थियो। सहकारीका सदस्यलाई सहकारी शिक्षा कक्षा नियमितरुपमा सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ।

## मूल्य वृद्धि ७.८६ प्रतिशत

काठमाडौंः चालु आर्थिक वर्षको साउनमा ८.२६ प्रतिशतको महँगी खेपिरहेका नेपालीहरुले वैशाखमा भने ७.४१ प्रतिशत महँगी खेप्नुपरेको छ। राष्ट्र बैंकले वार्षिक औसत मूल्यवृद्धि ७ प्रतिशतमा कायम गर्ने लक्ष्य लिएको भए पनि वैशाखसम्ममा यस्तो औसत मूल्य वृद्धिदर ७.८६ प्रतिशत छ।

खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत् मर–मसलाको २६.६१ प्रतिशत, रेष्टुरेण्ट तथा होटलबाट प्राप्त सेवामा १४.८७ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थमा १३.६९ प्रतिशत, दूध र अण्डाको १०.४१ प्रतिशत र सुर्तीजन्य पदार्थमा ८.४९ प्रतिशतले मूल्य वृद्धि देखिएको छ। गैर–खाद्य तथा सेवा समूहअन्तर्गत् मनोरञ्जन तथा संस्कृतिमा १५.७५ प्रतिशत, विविध वस्तु तथा सेवामा १३.०८ प्रतिशत, शिक्षा सेवामा १०.५६ प्रतिशत, घरायसी उपयोगका वस्तुहरुमा ९.६५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरुमा ८.२७ प्रतिशतले महँगी बढेको छ। काठमाडौं उपत्यकाका मानिसहरुले ७.६८ प्रतिशतको मूल्य वृद्धि खेपिरहँदा तराईमा ७.१५ प्रतिशत, पहाडमा ७.५७ प्रतिशत र हिमालमा ७.१२ प्रतिशत महँगी देखिएको छ। (स्रोतः सेतोपाटी)

## गर्मी छल्न भारतीय पर्यटक त्रिखण्डीमा

हेटौंडाः पछिल्लो समय बढेको गर्मी छल्न भारतदेखिका पर्यटकहरु त्रिखण्डी आएका छन्। मकवानपुरको भीमफेदी गाउँपालिका–१ स्थित आन्तरिक पर्यटकीय गन्तव्यको रुपमा रहेको त्रिखण्डामा अहिले भारतीय पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ।

त्रिभुवन राजपथअन्तर्गत्को सडक छेउमा रहेको त्रिखण्डेश्वर महादेव मन्दिर र मन्दिरलाई बीचमा बनाएर बगेको राप्ती खोलामा नुहाउन र गर्मी छल्न पछिल्लो एक सातायता विशेष गरी भारतीय पर्यटकको लर्को लाग्ने गरेको छ। पर्यटकको चापका कारण सामान्य चौरलाई संरक्षण गरी निर्माण गरिएको वनभोज स्थलहरु भरिभराउ हुने गरेका छन्।

शनिबारको करिब ४० डिग्री सेल्सियसको चर्को घामबाट जोगिन भारतको रक्सौललगायतका क्षेत्रबाट पर्यटकहरु त्रिखण्डीमा आएका थिए। दिन प्रतिदिन बढ्दो तापमानबाट जोगिन हेटौंडा आसपासका क्षेत्रसहितका मानिसहरु त्रिखण्डी पुग्ने गरेका छन्।

चिसो मौसम र राप्ती खोलाको चिसो पानीमा पौडी खेलेर उनीहरु आनन्दित मुद्रामा देखिन्थे। भारतको विहार राज्यको विभिन्न शहरबाट उनीहरु सो क्षेत्रमा आउने गरेका छन्। (स्रोतः रातोपाटी)

## मदन भण्डारी विश्वविद्यालयका वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट तयार

समाज संवाददाता

काठमाडौंः मदन भण्डारी विश्वविद्यालय निर्माणको वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट तयार भएको छ। रिपोर्टअनुसार विश्वविद्यालय निर्माणको लागत ३७६ मिलियन डलर अर्थात् ४९ अर्ब २५ करोड ६० लाख रुपैयाँ हुने अनुमान गरिएको छ।

सार्वजनिक राय सुझावका लागि वन तथा वातावरण मन्त्रालयले सार्वजनिक गरेको आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन रिपोर्टमा सो लागत अनुमान उल्लेख छ। यो विश्वविद्यालय एक अनुसन्धानमुखी विश्वविद्यालय हो। नयाँ ज्ञान र प्रविधि सिर्जना र अनुसन्धानको माध्यमबाट नयाँ ज्ञान र प्रविधि विकास गर्न सक्षम जनशक्ति उत्पादन गरी अर्थतन्त्र विकासमा प्रत्यक्ष सहयोग पुर्‍याउने साधनको रुपमा विश्वविद्यालय विकास गर्ने लक्ष्य रहेको छ।

सरकारले २३ अप्रिल २०१९ मा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापनाका लागि तयारी गर्न विभिन्न गतिविधिहरु सञ्चालन गर्ने उद्देश्यका साथ मदन भण्डारी विश्वविद्यालय पूर्वाधार समिति गठन गरेको थियो।

प्रस्तावित विश्वविद्यालय भवनमा २ सयभन्दा बढी कोठाहरु हुनेछन्। आयोजनालाई ४१.२९ हेक्टर वनको जग्गा आवश्यक पर्नेछ। विश्वविद्यालय निर्माणका लागि वन फडानी भने हुने छैन। विश्वविद्यालयको भवन निर्माण क्षेत्र २ लाख २३ हजार वर्गमिटर रहेको छ। यो विश्वविद्यालय बागमती प्रदेशको मकवानपुर थाहा नगरपालिकाको चित्लाङमा रहनेछ।

काठमाडौंबाट चन्द्रागिरी हुँदै २६.५ किलोमिटर तथा नौबिसेबाट त्रिभुवन राजपथ हुँदै ७० किलोमिटर बाटोबाट पुग्न सकिन्छ। विश्वविद्यालयको भवन आरसीसी बन्नेछ। वार्षिक ४ हजार विद्यार्थीले यहाँ अध्ययन गर्न सक्नेछन्।

आयोजनाका मुख्य विशेषताहरुमा शैक्षिक भवन, कम्युनल भवन, छात्रावास, ६ सय ७ कर्मचारीका लागि आवास, ४० कोठा भएको गेष्ट हाउस, २५ शैयाको अस्पताल, विद्यालय, सडक, खानेपानी आपूर्ति र ढल निकास, बिजुली आपूर्ति, विद्युत् र सञ्चार सञ्जाल रहेको छ। आयोजनाका लागि कुल ५०.५२ हेक्टर जग्गा आवश्यक पर्नेछ। विश्वविद्यालयले आन्तरिक खपतका लागि ५ सय किलोवाटको सौर्य ऊर्जा र ६ सय किलोवाटको पम्प स्टोरेज प्लान्टको स्थापना गर्ने कार्यक्रम पनि समावेश भएको छ। (स्रोतः विजनेश न्यूज)


### विद्युत आपुर्ति बन्द सम्बन्धी सूचना !!!

१३२ के.भि. प्रशारण कन्डक्टर अपग्रेड आयोजनाले हाल चौकिटोल देखि कमाने सवस्टेशनमा रहेको १३२ के.भि. प्रसारण लाईनको तार फेर्ने कार्य गरिरहेको हुनाले (Tower No. 32 **देखि** 25 सम्म) तपशिल बमोजिमको स्थान र समयमा विद्युत सेवा अवरुद्ध हुने व्यहोरा जानकारीको लागि अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा., हेटौडा वितरण केन्द्र क्षमाप्रार्थी छ।

**तपसिल**:

**लाईन अवरुद्ध हुने फिडर**: पदमपोखरी फिडर (वडा नं. १५ अन्तर्गत रातोमाटे, सुकौली, रिद्धिसिद्धि सिमेन्ट वरिपरि)

**मिति र समय**: २०८०/०२/२८ गते देखि २०८०।०२/३२ गते सम्म (विहान ७:३० बजे बाट बेलुका ४:३० बजेसम्म ।)

(नोटः समय अगाडि नै काम सकेको अवस्थामा तोकिएको समय अगावै विद्युत संचालन हुनेछ ।)

**नेपाल विद्युत प्राधिकरण**

**राजेन्द्र कोईराला**
**आयोजना प्रमुख**

**हेटौडा वितरण केन्द्र**
**हेटौडा**

## स्वादिष्ट नेवारी खाजा

अब



## होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# विभिन्न घटनामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली, सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा विभिन्न घटनामा परी ५ जनाको मृत्यु भएको छ। सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१०, कर्थामा सर्पले टोकेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६२ वर्षीया शिव कुमारी कार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

कार्की शुक्रबार बिहान उठेर आफ्नै घरको पेटिमा हिंड्ने क्रममा अचानक सर्पले टोकेको थियो। कार्कीलाई उपचारको फुलकुमारी महतो मेमोरियल हस्पिटल कर्जना लागी सर्पदंस अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाकारी दिएको छ।

सिन्धुली जिल्लाको कमलामाई नगर पालिका-२ सरस्वतीलेखमा पिङ खेल्ने क्रममा बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा ८ वर्षीया सिम्रन घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। शुक्रबार घलान गोठमा आमाको कुर्ताको कपडाको पिङ बनाई खेल्दा सोही कपडा घाँटीमा अल्झिएर मृत्यु भएको प्रहरीले जनाएको छ।

सिन्धुली जिल्लाकै फिक्कल गाउँपालिका-४, पोखरीडाँडामा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा कमलामाई नगरपालिका-८ हर्दिया बस्ने ३२ वर्षीय उज्वल बराल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बराल सोमबार काठमाडौं जान्छु भनी हिंडेकोमा घर परिवारसँग सम्पर्क नगरेकोले आफन्तले खोजतलास गर्दा घरबाट ३ सय मिटर पर पाखो बारीमा मृत फेला परेको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-९, ज्यामिरेमा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ७२ वर्षीय काले कामी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। कामी शुक्रबार बिहान घरबाट निस्की हिंडेकोमा दिउँसो घरबाट २ सय मिटर पर भिरबाट २० फिट तल भिरमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

नुवाकोट जिल्लाको तादी गाउँपालिका-४ मा खोलामा पौडी खेल्ने क्रममा डुबेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ईन्द्रावती गाउँपालिका-८ बस्ने १८ वर्षीय अरुण श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। श्रेष्ठ शुक्रबार खोलामा पौडी खेल्ने क्रममा डुवेर मृत्यु भएको थियो।

# सहकारी सदस्य शिक्षा

समाज संवाददाता

हेटौंडाः शिक्षकहित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४औं स्थापना दिवस तथा सदस्य शिक्षा कार्यक्रम शनिबार भएको छ। सहकारीका अध्यक्ष सीताराम दहालको सभाध्यक्षमा भुटनदेवी माविमा स्थापना दिवस मनाइएको हो।

कार्यक्रममा प्रमुख अतिथि बद्रीप्रसाद लम्साल रहनु भएको थियो। कार्यक्रममा विशिष्ट अतिथिको रूपमा पद्मा पौडेल, अतिथिहरू श्रीराम दहाल, मोहनप्रसाद शर्मा रहनुभएको थियो। सदस्य शिक्षा कार्यक्रमको सहजीकरण बद्रीप्रसाद लम्सालले गर्नुभएको थियो।

# चितवनका देबेन्द्र उत्कृष्ट वक्ता ५० हजार पुरस्कार पाए



*वक्तृत्वकलामा विजयी सहभागीलाई पुरस्कृत गरेपछि सामूहिक तस्वीर खिचाउँदै।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश युवा परिषद्को आयोजनामा "युवा र नवप्रवर्तन" शीर्षकमा रहेर प्रदेशस्तरीय खुला वक्तृत्वकला प्रतियोगितामा चितवनका देबेन्द्र श्रेष्ठ प्रथम भएका छन्। प्रतियोगितामा दोलखाकी मेलिशा ढुङ्गेल दास्रो भइन्। नुवाकोटकी विविना लामिछाने प्रतियोगितामा तेस्रो भइन्।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५० हजार, ३० हजार र २० हजार प्राप्त गरेका छन्। परिषद्को वार्षिक स्वीकृत युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत बागमती प्रदेशका १३ जिल्लामा आयोजित कार्यक्रममा प्रथम हुन सफल प्रतिस्पर्धीहरू बीच सामाजिक विकास मन्त्रालयको हलमा कार्यक्रम आयोजना गरिएको हो।

परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले अध्यक्षता गरेको कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री मुक्तानले युवा नवीन सोच भएको बताउनुभयो। उहाँले समाज परिवर्तन र राज्यको स्वरुप रुपान्तरणमा युवाको भूमिका जरुरी रहेको स्पष्ट पार्नुभयो। युवालाई नवप्रवर्तनसँग जोड्न सके मात्र मुलूकले समृद्धिको यात्रा तय गर्ने उहाँको बताउनु भयो।

कार्यक्रममा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले अबको युवाले बोल्ने कलामात्र नभई, व्यवहारमा पनि राम्रा काम गरेर देखाउने युवाको खाँचो रहेको बताउनुभयो। समाजको बिग्रेको अवस्था युवाले नै सुधार्नु पर्ने उल्लेख गर्नु हुँदै कार्यकारी उपाध्यक्ष चौलागाईंले क्षमता भएका युवालाई देशमै केही गरेर खाने वातावरण रहेको दावी गर्नुभयो। सहभागीले युवा र नवप्रवर्तनबारे ७ मिनेटमा आआफ्ना भनाइ राखेका थिए।

# शिक्षक संगठनको गाउँ परिषद्

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती गाउँपालिकाको चौथो गाउँ परिषद् शनिबार भएको छ। बागमती गाउँपालिका-८, फापरबारीस्थित जनता माविमा भएको पालिकास्तरीय परिषद् बैठक संगठनका बागमती पालिका अध्यक्ष देवराज राना मगरको अध्यक्षता तथा नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति मकवानपुरकी सहसचिव चन्द्रादेवी लामा बलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

कार्यक्रममा संगठनका बागमती गाउँपालिका अध्यक्ष देवराज राना मगरले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने प्रतिवेदनमा बागमती गाउँपालिकामा नेपाल राष्ट्रिय शिक्षक संगठनको सांगठनिक एवम् र आर्थिक अवस्था तथा शैक्षिक गतिविधि र आगामी लक्ष्यहरु समेटिएको थियो। परिषद् बैठकलाई सम्बोधन गर्नुहुँदै शिक्षकहित साकोसका कोषाध्यक्ष रामजी हुमागाईले सहकारीको सदस्य बन्न र पेशागत रुपमा सवल हुन आग्रह गर्नुभयो। जिल्ला सदस्य तथा बागमती गाउँपालिका इन्चार्ज विश्राम सिजाली मगरले पालिकाका शिक्षकहरुको अवस्था र समस्या तथा जटिलताका बारेमा जानकारी गराउनुभयो। संगठनका केन्द्रिय प्रतिनिधि रामबहादुर थोकरले शिक्षकको हितका निम्ति गाउँपालिका समिति लाग्नु पर्ने र विकट भूगोलमा रहेर पनि बागमती गाउँपालिका संगठनको उत्कृष्ट गतिविधि रहेको जानकारी दिनुभयो।

जिल्ला सहकोषाध्यक्ष भावना सापकोटाले संगठनको सदस्यता नवीकरण छिटोछरितो रुपमा गरी सक्नु पर्ने तथा शिक्षक महासंघ गठनतर्फ ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो। बागमती गाउँपालिका ८ नम्बर वडा अध्यक्ष इन्द्रमणि तिमल्सिनाले शिक्षकहरु समग्र शैक्षिक आन्दोलनको अभियन्ता भएकाले सचेत र सजग हुँदै पाइला चाल्न आग्रह गर्नुभयो। शिक्षक संगठनका जिल्ला समितिका पूर्व सदस्य तथा जिल्ला समन्वय समितिका सदस्य खड्गबहादुर पुलामीले शिक्षकले जेजति सुबिधाहरु प्राप्त गऱ्यो त्यो सबै नेपाल राष्ट्रिय शिक्षक संगठनको अगुवाइमा भएको दावी गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि चन्द्रादेवी लामा बलले पालिकामा संगठनको गतिविधिलाई तीव्र रुपमा अगाडि बढाउनु पर्ने सुझाव दिनुभयो। सदस्यता नवीकरण, शैक्षिक तथा रचनात्मक कार्यक्रममा जोड दिनु पर्ने, शिक्षक महासंघ गठनतर्फ ध्यान केन्द्रित हुनुपर्ने र शिक्षकका वास्तविक समस्यामा केन्द्रित हुँदै समाधान गर्न एकताबद्ध हुनुपर्ने उहाँले बताउनुभयो। कार्यक्रममा ३७ जना नवप्रवेशी तथा सेवा निवृत्त शिक्षकहरुलाई सम्मान गरिएको थियो। पालिकाको शिक्षकहरुको समग्र अवस्थाका बारेमा जानकारी गराउँदै सदस्य नवीकरणको अवस्था, संगठन पालिकाको आर्थिक अवस्था, शैक्षिक कार्यक्रम तथा आगामी योजनाका बारेमा जानकारी गराउँदै कार्यक्रमका सभाध्यक्ष संगठनको इन्द्रसरोवर गाउँपापालिका अध्यक्ष देवराज राना मगरले कार्यक्रमको समापन गर्नु भएको थियो।

# फर्निचर व्यवसायीको साधारणसभा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१० मा शनिबार मकवानपुर फर्निचर तथा फर्निसिङ व्यवसायी संघको १७ औं वर्षिक साधाहरण सभा संघको अध्यक्ष कृष्णा अर्यालको सभाधक्षता तथा नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी संघका केन्द्रीय अध्यक्ष सुजिल श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

साधारणसभामा सचिवको वार्षिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको छ। संघका अध्यक्ष कृष्ण अर्यालको अनुसार आर्थिक मन्दिको विषयमा व्यापक छलफल भएको थियो।

बढ्दो व्याजदरका कारण व्यवसायीहरुले आत्महत्या गर्न बाध्य भएको अवस्थामा राजमार्ग २५ मिटरले थप तनाव बढ्ने उहाँले बताउनुभयो। उद्योग वाणिज्य संघमार्फत स्थानीय सरकार, प्रदेश सरकारसँग सहकार्य गर्दै एकीकृत बजार व्यावस्थापन गर्न अनुरोध गरिएको अध्यक्ष अर्यालले बताउनु भएको छ।

# अटो तथा मयुरी चालकका लागि अनुशिक्षण

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अटो तथा मयुरी चालकहरुका लागि अनुशिक्षण कार्यक्रम संचालन गरिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर तथा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा कार्यक्रम भएको हो।

कार्यक्रममा बोल्नुहुँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख वसन्त आचार्यले अटो र मयुरी चालकले नो पार्किङमा सवारी साधन राख्ने, मापसे गरेर सवारी साधन चलाउने, बढी यात्रु राखेर एकतर्फी बाटोमा विपरित दिशाबाट सवारी चलाउने, अनुमतीपत्र बिना सवारी चलाउने, रुट परमिट नलिई सवारी चलाउनेलाई कारबाही गरेर गत आर्थिक वर्ष करिब २८ लाख ४३ हजार र यस वर्षको जेठ महिना सम्म ५१ लाख राजस्व उठेको बताउनु भयो।

बढ्दो सवारी दुर्घटना न्युनीकरण गर्न मकवानपुर जिल्लामा रहेको अटो, मयुरी, सुमो, म्याजिक चालकहरुलाई ट्रफिक नियमसम्बन्धी सचेतनामूलक पशिक्षण दिने उद्देश्यले कर्यक्रम सञ्चालन गरेको उहाले बताउनु भयो। असार १ गतेदेखि मापसे गरेर सवारी साधन चलाएमा सवारी चालकहरुले मापसे सम्बन्धी कक्षा लिनुपर्ने व्यवस्था गरेको उहाँले बताउनु भएको छ।

# प्रेस चौतारीद्वारा अधिकारी र गुरुङ सम्मानित

समाज संवाददाता

हेटौंडाः प्रेस चौतारी मकवानपुरको वार्षिक साधारणसभा शनिबार हेटौंडामा भएको छ। प्रेस चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो।

साधारणसभाको अवसरमा प्रेस चौतारी मकवानपुरले पत्रकार उज्ज्वल अधिकारी र निशा गुरुङलाई सम्मान गरेको छ। अधिकारीलाई प्रेमनाथ चौलागाईं स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको हो भने गुरुङलाई सिर्जनशील पत्रकारिता पुरस्कार प्रदान गरिएको हो। साधारणसभाको उद्घाटन कार्यक्रममा प्रेस चौतारीको संघीय समितिका पदाधिकारी, विभिन्न संगठनका पदाधिकारीको पनि आतिथ्य रहेको थियो।


गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

डेंगु रोग नियन्त्रणका लागि सम्बन्धित सबैमा स्वास्थ्य कार्यालय मकवानपुरको जरुरी सूचनाः

- डेगू रोग एडिज एजिप्टाई जातको संक्रमित लामखुट्टेको टोकाईबाट सर्ने भएकोले यसबाट बच्नको लागि घर बाहिर निस्कदा लामो बाउला भएको कपडा लगाउने र सम्भव भएसम्म दिउँसो सुत्दा पनि झूलको प्रयोग गर्ने साथै बालबालिकालाई जुनसुकै समय पनि झुल्भित्र सुताउने।
- लामखुट्टेको बृद्धि विकासलाई नियन्त्रण गर्न आफ्नो घर वरिपरि सफासुग्घर राख्ने, घर वरिपरि भएका पानी जम्न खाल्टाखुल्टीहरु पुर्ने।
- जथाभावी फालिएका फोहरहरु बोतल, टायर, भाँडाकुँडा, गमलाका साथै नछोपिएका पानीट्यांकीमा फुल पारेर लामखुट्टेले बच्चा उत्पादन गर्ने भएकाले यस्ता फोहरहरुलाई खाल्टोमा राखी माटोले पुर्ने।
- झ्याल ढोकामा जाली लगाउने र खुल्ला नराख्ने।
- व्यक्तिगत बचावटका लागि लामखुट्टे नाशक मलहमको प्रयोग गर्ने।
- ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा ढाडहरू बेस्सरी दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने खान मन नलाग्ने जस्ता लक्षणहरू देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने।



विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि निःशुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रूपले विपन्न व्यक्ति र आकस्मिक रूपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परिक्षण निःशुल्क रूपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरूबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल



हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ